का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ मंसिर २०७९,
शुक्रबार
25 November 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २७९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# प्रचण्डमाथि दोहोरो नजर



नेपाली कांग्रेस वा नेकपा एमालेलाई माओवादीको सहयोगबिना साना दलहरु मात्रै लिएर सरकार बनाउन सक्ने अवस्था देखिन्न । यो अवस्थामा सरकार बनाउन फेरि पनि माओवादी अध्यक्ष प्रचण्ड नै निर्णायक हुनेछन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ मंसिर ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई नेपाली कांग्रेस सभापति शेर बहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले टेलिफोन गरेर बधाई दिएका छन् । उसो त प्रचण्डले पनि दुबै नेतालाई बधाइ फर्काए । तर, राजनीति र कुटनीतिमा व्यवहार र संकेतको ठूलो अर्थ रहन्छ ।

प्रचण्डलाई बधाइ दिन एमाले अध्यक्ष ओलीले आफैँ फोन गरे । दुबै नेताको सचिवालयका अनुसार नेकपा एकता विवाददेखि संवादमा नरहेका ओली र प्रचण्डपछि लामो समयपछि टेलिफोन संवाद भएको हो । नेताहरुका अनुसार टेलिफोन संवादमा ओलीले प्रचण्डलाई आगामी दिनमा मिलेर जान आग्रह समेत गरे ।

यता ओलीसंग कुराकानी भए लगत्तै कांग्रेस सभापति देउवाले पनि प्रचण्डलाई टेलिफोन गरेर औपचारिक बधाई दिए। दुवैले बधाई साटासाट गरे। चुनावपछि पनि सँगसँगै अगाडि बढ्ने आफ्नो बाचा अनुसार अगाडि बढ्न चुनावी परिणाम बाधक बन्ने आफूले नदेखेको संदेश प्रचण्डलाई दिएका छन् ।

चुनाव अगाडि देउवा र प्रचण्डले सत्ता गठबन्धनको सहजै सरकार बन्ने आंकलन गरेका थिए । आंकलन अनुसार परिणाम नआएको भए पनि सरकार बनाउन समस्या नहुने देउवाको आश्वासन प्रचण्डलाई छ । तर, स्वमं प्रचण्डलाई भने माओवादी केन्द्रका नेताहरुले कांग्रेससँगको सहकार्यले चुनावमा फाइदा नभएको रिपोटिङ गरिरहेका छन्। यही बेला प्रचण्डलाई ओलीले फोन गरेका हुन् । लगत्तै देउवाले पनि फोन संवाद गरेका हुन् ।

प्रचण्डलाई उच्च प्राथमिकताका साथ ओली र देउवाले फोन गर्नुको प्रमुख कारण हो- पछिल्लो मत परिणाम। परिणाम अनुसार फेरि पनि माओवादीविना कांग्रेस र एमालेको सरकार बनाउन सम्भव छैन । कांग्रेस र एमाले मिले भने अन्य पार्टीको आवश्यकता पर्दैन । तर, पहिलो र दोस्रो कांग्रेस र एमाले मिलेर सरकार बनाउने सम्भावना कम हुन्छ। पहलिो हुनेले सरकार बनाउने र दोस्रो हुनेले प्रमुख प्रतिपक्षीको भूमिका खेल्ने जनादेश भएको मान्ने गरिन्छ । अथवा स्पष्ट बहुमत नआएको अवस्थामा दोस्रो दलले नेतृत्व गरेर पनि सरकार बनाउन सक्छ। यस्तो हुँदा पहिलो दल प्रतिपक्षीमा पुग्छ। यो अवस्थामा फेरि पनि तेस्रो शक्ति निर्णायक हुन्छ। प्रचण्डसँग देउवा र ओलीले बिहीबार

– बाँकी पृष्ठ २ मा

मतपेटिकामा पत्र

# 'नेताले बदलौं आफ्नो भेष'

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ८ मंसिर ।



आफूलाई अज्ञात भनेर चिनाउँदै ति व्यक्तिले नेकपा एमालेका प्रतिनिधि सभा सदस्य उम्मेदवार दल रावललाई संबोधन गर्दै उनी र उनको परिवारमाथि विभिन्न अरोप लगाउँदै नेताको भेष बदल्नुपर्नेमा जोड दिएका छन् ।

'जय देश, नेताले बदलौं आफ्नो भेष' यो वाक्य हुम्लामा मतपत्रसँगै फेला परेको पत्रमा उल्लेख छ ।

प्रतिनिधि सभाको मतपेटिकामा पत्र भेटिएको पत्रमा नेताहरुमाथि आरोप लगाउँदै सच्चिन आग्रह गरिएको छ । नेकपा एमालेका प्रतिनिधि सभा सदस्य उम्मेदवार दल रावललाई संबोधन गर्दै लेखिएको पत्रमा रावल र उनको परिवारमाथि विभिन्न अरोप लगाउँदै भेष बदल्न सुझाइएको छ ।

चंखेली गाउँपालिकास्थित हिमालय माध्यमिक विद्यालय मतदान केन्द्रको मत पेटिकामा पाइएको पत्रमा रावलले विगतमा प्रदेशको सामाजिक विकास मन्त्री हुँदा गरेका कार्य सम्झाइएको छ। उनले दलाल बन्ने गृहकार्य गरेको आरोप पत्रमा छ ।

पत्रमा लेखिएको छ, 'रावल जी एनजीओ जीवनबाट राजनीति जीवनमा प्रवेश गर्दै समयमा पतनकको बाटो रोज्नुभयो, त्यसका लागि मुरीमुरी धन्यवाद ।' अगाडि आरोप लगाइएको छ, 'विगतमा प्रदेश सामाजिक विकास मन्त्रालय सम्हालेर आफूलाई सर्वोसर्वा ठान्ने रावल जीले आफ्नो कार्यकालयमा योजनाको दलाल बन्ने गृहकार्य अधिक गर्नुभयो ।'

उम्मेदवार रावलका भाइ र बुहारीमाथि समेत नागरिकलाई धम्की दिएको आरोप लगाइएको छ । हंस ऐडीको पक्षपोषण गरेर रावलका भाइ पूर्ण रावल र धनदेवी रावलले सानो बस्तीका नागरिकलाई निमागाउँका बासिन्दालाई दिएको धम्कीको संवाद पनि उल्लेख छ ।

जहाँ जनताले 'हाम्रो पारिश्रमिक देउ' भनेको र हंशले 'हुँदै हुँदैन ।' भन्ने जवाफ फर्काएको लेखिएको छ । पूर्णले 'त्यो भन्दा बढ्दा बोलेमा हात खुट्टा भाँचिदिनु र उपचार पनि त्यही पैसाले गर्नु' भनेको लेखिएको छ। संवाद प्रष्ट बुझिँदैन् । मतपेटिकामा पत्र खसाल्ने व्यक्तिले नाम लेखेका छैनन् । अज्ञात, अज्ञात लेखेका छन् । आफूलाई अज्ञात भनेर चिनाउँदै ति व्यक्तिले नेताको भेष बदल्नुपर्नेमा जोड दिएका छन् ।

अज्ञात अज्ञात भन्दा ठीक माथि लेखिएको छ, 'जय नागरिक, जय देश, नेताले बदलौं आफ्नो भेष ।' हुम्लाबाट प्रतिनिधिसभा सदस्यमा एमालेका रावल र माओवादी केन्द्रका छिरिङ लामा (भोटे)बीच प्रतिस्पर्धा भइरहेको छ। बिहीबार बेलुकी १० बजेसम्म भोटेले ५ हजार २३६ मत पाउँदा रावलले ३ हजार ७६७ मत पाएका छन् । राप्रपाका तेज बहादुर रावतको जम्मा ११५ मत छ ।

# सकसमा देउवा, दबावमा ओली

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ८ मंसिर ।

गत मंसिर ४ मा भएको प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचन परिणाम धमाधम बाहिँरिदै गर्दा दलका शीर्षस्थ नेताहरु दवावमा पर्न थालेका छन् । पार्टीभित्रका नेतादेखि जनताले समेत युवा नेतृत्वको माग गर्न थालेपछि उमेर कटेका शीर्षस्थ नेताहरुलाई नेतृत्वमा रहिरहन दबाव पर्ने भएको हो । त्यसमा पनि पटकपटक प्रधानमन्त्री र पार्टीको सभापति भईसकेका शेरबहादुर देउवामाथि नेतृत्व छाँड्ने दबाव बढ्दै गएको छ ।

पार्टीभित्र प्रधानमन्त्रीको आंकाक्षीमा उनीसहित रामचन्द्र पौडेल, शेखर कोइराला, शशांक कोइरालादेखि प्रकाशमान सिंह रहिरहँदा बलियो आंकाक्षीका रुपमा महामन्त्री गगनकुमार थापा देखिएका छन् । उनलाई समर्थन गर्दै अर्का महामन्त्री विश्वप्रकाश शर्मा, स्वर्णीम वाग्ले लगायतका धेरै नेताले संसदीय दलको नेता चयन गर्नुपर्ने माग समेत गर्न थालेका छन् ।

> पार्टीभित्रका नेतादेखि जनताले समेत युवा नेतृत्वको माग गर्न थालेपछि उमेर कटेका शीर्षस्थ नेताहरुलाई नेतृत्वमा रहिरहन दबाव पर्ने भएको हो ।

एकातिर सत्तागठबन्धनले बहुमत पुर्‍याउन नसक्ने अवस्था आउनु अनि अर्कोतिर पार्टीभित्रबाट पनि युवालाई नेतृत्व हस्तान्तरणको दबाव आउँदा देउवा संकटमा पर्ने देखिएको हो । 'गगन थापा 'क्वालिफाइड लिडर' हुन्, हाम्रो पुस्ताको नेतृत्व उनले नै गर्छन्, अब नेतृत्व हस्तान्तरण अपरिहार्य छ,' कांग्रेसका नेता डा. स्वर्णीम वाग्लेले भने । उनले गगन थापालाई नेतृत्वमा ल्याउन आफूहरुको पूर्ण समर्थन रहने दाबी समेत गरेका छन् ।

उनी मात्रै होईन, नेकपा एमालेका अध्यक्ष केपी ओली पनि युवालाई नेतृत्व दिनुपर्ने दबावमा परेका छन् । निर्वाचन परिणामले युवालाई अघि नबढाई पार्टीले जित्न नसक्ने देखिएपछि नेतृत्व हस्तान्तरण गर्न उनी बाध्य हुने भएका छन् । नेकपा एमालेका नेता योगेश भट्टराई पनि अब युवालाई नेतत्व हस्तान्तरण गर्नुको विकल्प नरहेको बताउँछन् । 'जो पार्टीका प्रमुख भइसक्नुभयो उहाँहरूले पार्टी प्रमुखबाट पनि आफूलाई बिदा गर्दैमा पार्टी डुब्दैन, त्यसपछि डाइनामिक युवा साथीहरूका नेतृत्वल पार्टी सञ्चालन गनुपर्छ, यो आजको आवश्यकता पनि हो ।' देशभरका जनताबाटै युवा नेतृत्व चाहिरहँदा पटक पटक पदमा

– बाँकी पृष्ठ २ मा

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको साधारण सभासम्बन्धी सूचना

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति **२०७९ भाद्र १२** गते बसेको संघ कार्यसमितिको निर्णयअनुसार संघको विधानको दफा २४ (२) को व्यवस्था बमोजिम आगामी मिति २०७९/०९/०८ गते हुन गइरहेको संघको **२९ औं** वार्षिक साधारण सभा तथा निर्वाचनका लागि प्रमुख निर्वाचन अधिकृतसहितको निर्वाचन समिति गठन भएको व्यहोरा सम्पूर्ण व्यवसायीज्यूहरुलाई यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

सभामा निर्णयार्थ पेश गरिने विषयहरु (एजेण्डाहरु)

१. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने प्रगति विवरण र संघद्वारा भएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन पारित गर्ने ।
२. आ.व. २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को आयव्ययको विवरणसहितको वासलात उपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०७९/०८० को आयव्ययको लेखा परीक्षकको नियुक्ति गरी निजलाई दिने पारिश्रमिक तोक्ने ।
४. आगामी कार्यकालका लागि संघ कार्यसमितिको निर्वाचन गर्ने ।
५. विविध

नोटः यस साधारण सभाले आगामी कार्यकालको लागि कार्यसमितिको चयन गर्ने भएकाले निर्वाचन सम्बन्धी जानकारीको लागि निर्वाचन समितिले प्रकाशन गर्ने सूचना हेर्न र संघमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

साधारणसभासम्बन्धी थप जानकारीहरु

साधारणसभामा भाग लिन र मतदान गर्नका लागि एक कम्पनीले १ जना प्रतिनिधि मनोनयन गरी पठाउनु पर्ने भएकाले संघमा बाँकी रहेको मासिक शुल्क (लेवी) भुक्तान गरी संघमा कम्पनीको लेटरहेडमा लिखित निवेदन, शेयर लागतको प्रतिलिपि, नागरिकता वा राहदानीको प्रतिलिपि र **पासपोर्ट साइजको दुई प्रति फोटो मिति २०७९/०८/२३ गते भित्र** पठाई प्रतिनिधिबारे जानकारी गराउन हुन अनुरोध छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np, nafea69@gmail.com
Website: www.nafea.org.np | Facebook: www.facebook.com/nafeaorg

वैदेशिक रोजगार विशेष

# लिंक इन्टरनेशनलमा विभागको अनुगमन
# क्लिन चिट पाएको दाबी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ मंसिर

वैदेशिक रोजगार विभागले काठमाडौंको टोखा नगरपालिका १० सामाखुसीस्थित लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.मा बिहीबार अनुगमन गरेको छ । उक्त म्यानपावर कम्पनीका सम्बन्धमा केही अनलाइन न्युज पोर्टलमा विभिन्न प्रकारका समाचार आइरहेको सन्दर्भमा विभागले अनुगमन गरेको हो । उक्त म्यानपावर कम्पनीले आफूखुसी कामदार छनोट गरेर सरकारले तोकेको सेवा शुल्कभन्दा अत्यधिक सेवा शुल्क लिई वैदेशिक रोजगारीमा पठाउने गरेको सार्वजनिक भएको थियो ।

बिहीबार विभागका निर्देशक गोपाल तिमिल्सेना र अधिकृत शम्भु कटुवाल उक्त म्यानपावर कम्पनी पुगेका थिए । बिभागको अनुगमनबाट लिंक ईण्टरनेशनलमा के फेला परे त भन्ने मध्यान्हको जिज्ञाशामा निर्देशक तिमिल्सेनाले अनुगमन विभागको आन्तरिक प्रक्रिया भएको र उक्त म्यानपावर कम्पनीले कामदार छनोट तथा सेवा शुल्क सम्बन्धमा वैदेशिक रोजगार ऐन, वैदेशिक रोजगार नियमावली एवम् वैदेशिक रोजगार विभागले बेलाबेलामा प्रदान गर्ने नीतिगत मार्गनिर्देशन अन्तर्गत रहेर काम गरेको पाइएकोले सञ्चारमाध्यमबाट सार्वजनिक गर्नुपर्ने कुनै विषय नरहेको बताए । उनले भने, 'अनुगमनमा कानून विपरीत काम भएको कुनै प्रमाण फेला परेन ।'

कम्पनी सञ्चालक कमल काफ्लेले आफ्नो कम्पनीले स्वच्छ एवम् न्यायोचित भर्ना प्रक्रियाबाट नेपाली कामदार छनोट गरी सरकारले तोकेको सेवा शुल्क लिई वैदेशिक रोजगारीमा पठाउँदै आएको भन्दै कामदार छनोट र शुल्कका सम्बन्धमा विभागले माग गरेका सबै विवरण उपलब्ध गराएको बताए ।

– बाँकी पृष्ठ २ मा

# युरोप छिर्न खोज्दा नेपाली युवतीको मृत्यु

**कुमार पौडेल/मध्यान्ह**
माल्टा, ८ मंसिर

वैदेशिक रोजगारका लागि युरोपेली मुलुक प्रवेश गर्ने प्रयासमा रहेकी एक नेपाली युवतीको स्लोभानियाको जंगलमा मृत्यु भएको छ । क्रोएसियाबाट पोर्चुगल छिर्ने क्रममा सिन्धुपाल्चोक इन्द्रावती-८की सञ्जिता गोतामेको निधन भएको गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद क्रोएसियाले जनाएको छ ।

उक्त संस्थाका अनुसार गोतमेको गत मंगलबार निधन भएको हो । उनको शवलाई नेपाल पठाउने तयारी भइरहेको छ । पछिल्ला केही महिनायता क्रोएसियाबाट पोर्चुगल लगायत युरोपियन

– बाँकी पृष्ठ २ मा

फ्ल्याट भाडामा चाहियो

एक प्रतिष्ठित कम्पनीको लागि पार्किङ सहितको घर वा फ्ल्याट (करिब 3000–4000 Sq.Ft. स्पेस) मध्य बानेश्वर, नयाँ बानेश्वर, पुरानो बानेश्वर, बत्तिसपुतली, गौशाला वा सिनामंगल एरियामा तुरुन्तै आवस्यक परेको हुँदा ईच्छुक घरधनी वा सम्बन्धि कम्पनी/व्यक्तिले सम्पर्क गर्नुहुन अनुरोध गर्दछु ।

सम्पर्क नं.: 9801094757

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

### प्रचण्डमाथि...

गरेको टेलिफोन संवादले पनि यही संकेत गर्छ - कांग्रेस वा एमाले माओवादीको सहयोगमा सरकारमा जान्छ । साना दलहरु पनि जोडिन सक्छन् । किनभने कांग्रेस वा एमालेलाई माओवादीको सहयोगबिना साना दलहरु मात्रै लिएर सरकार बनाउन सक्ने अवस्था देखिन्न । यो अवस्थामा फेरि पनि प्रचण्ड नै निर्णायक हुनेछन् ।

अर्कोतर्फ, निर्वाचन परिणाम सार्वजनिक हुँदै गर्दा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, माओवादी केन्द्रका महासचिव देव गुरुङ्ल गायतले वाम एकताको कुरा उठाएका छन् । फेरि वाम एकता हुन सक्ने र त्यसो भए सरकारबाहिर रहनुपर्ने त्रासमा कांग्रेस देखिन्छ । यसकारण पनि प्रचण्डमाथि दोहोरो नजर परेको हो ।

बिहीबार साँझसम्म सार्वजनिक परिणाम अनुसार नेपाली कांग्रेसले प्रत्यक्षमा ३३ ठाउँमा जितेको छ भने २० स्थानमा अग्रता हाँसिल गरेको छ । त्यस्तै एमालेले २० ठाउँमा जितेको छ भने २७ ठाउँमा अग्रता हाँसिल गरेको छ । माओवादी केन्द्रले ९ ठाउँ जितेको छ भने ७ स्थानमा अग्रता कायम राखेको छ। नेकपा एकीकृत समाजवादीले प्रत्यक्षमा ९ सिट जितेको छ भने एक स्थानमा अग्रता लिइरहेको छ ।

समानुपातिक तर्फ एमालेले ७ लाख ३९ हजार मत पाएको छ भने कांग्रेसले ७ लाख ८७ हजार मत पाएको छ। माओवादी केन्द्रले ३ लाख २५ हजार मत पाउदा स्वतन्त्र पार्टीले ३ लाख ५० हजार मत पाएको छ ।

### सकसमा देउवा...

पुगेका नेताहरु सल्लाहकारको भूमिका रहनुपर्ने आवाज पहिलेबाटै उठ्दै आएको हो ।

नेपाली कांग्रेस र एमालेमा मात्रै होईन, माओवादी केन्द्र र एकीकृत समाजवादीभित्रबाट पनि नेतृत्व हस्तान्तणको विषय पटक पटक उठ्दै आएको छ । तर, बाँचुन्जेल नेतृत्व हस्तान्तरण गर्न नचाहने नेताहरुलाई भने चुनावी परिणामले नेतृत्व जिम्मा लगाउन बाध्य बनाउने देखिएको छ ।

### लिंक इन्टरनेशनलमा...

निहित स्वार्थ भएका केही व्यक्तिले नियोजितरुपमा कम्पनीको सार्वजनिक छवि, निष्ठा, प्रतिष्ठा तथा व्यावसायिक ख्यातिप्रति अनुचित लाञ्छना लगाएर कुप्रचार गरिरहेको अवस्थामा विभागले अनुगमन गरी 'क्लिन चिट' प्रदान गरेको र त्यसले कम्पनीलाई व्यवसायिक मर्यादामा रहेर काम गर्न हौसला मिलेको दाबी गरे ।

सञ्चालक काफ्लेले भने, 'सञ्चालकको बदनाम गर्ने र कम्पनीको ख्याति धुमिल पार्न खोज्ने केही व्यक्तिको प्रयासलाई विभागको अनुगमन र 'क्लिन चिट' प्रदानले चोटिलो जवाफ दिएको छ। वैदेशिक रोजगारमा कामदार आपूर्ति गर्दा नेपाल सरकारले गन्तव्य मुलुकसँग गरेका सम्झौताहरुको पूर्णपालना हुने गरी पारदर्शिताको आधारमा काम गर्ने विषयमा कम्पनी थप सचेत र प्रतिबद्ध छ ।' उनले अझै पनि लिंक इन्टरनेशनलले आफूलाई ठगेको भनेर सप्रमाण कोही आउँछन् भने सामना गर्न तयार रहेको चुनौती पनि दिए ।

### युरोप छिर्न...

मुलुकहरुमा जाने क्रम बढेको र अधिकांश नेपालीहरु राहदानी फ्याँकेर र बिचौलियालाई बुझाएर अवैधानिक बाटो हुँदै पोर्चुगल लगायतका मुलुकहरुमा छिर्ने गरिरहेको बताइएको छ। फ्रान्सस्थित नेपाली दूतावासले राहदानी त्यागेर जिउ ज्यान नै जोखिममा राखेर अवैधानिकरुपमा यात्रा गरी कुनैपनि मुलुकमा प्रवेश नगर्न नेपालीहरुमा आग्रह गरेको छ ।


**Malaysia मा रोजगार** Joo Hin Native Produce Sdn. Bhd.

पूर्व स्वीकृती मितिः २०७९/०८/०७ चलानी नं. ६०१९१८६५ LT No. : 276178

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने.रू. | | | | | | | |
| १. | Factory Worker | 10 | 0 | साधारण | 1500 | ४२,६४६।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ्ग शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले दिने | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | निःशुल्क |

अन्तरवार्ता २०७९ मंसिर १६ गते (2 Dec, 2022) यस प्रा. लि. को कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबाजेश्वरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नः ५७६/०६२/६३

**लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.**

महांकाल, बौद्ध, काठमाडौं, फोनः ०१-५२१००५७



**मलेसियामा रोजगार** | कम्पनीः PAK ALI FOOD INDUSTRIES SDN BHD
शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९।०८।०५ चलानी नं.: ६०१९१५८२ L.T. No.: 275896

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १६ गते (2 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SDHR
Gov. Lic No. 1473/074/075

**Supa Deurali Human Resource Pvt.ltd.**

Samakhusi -26, Maipi, Kathmandu, Nepal
Tel: +977- 1- 4387429, Mob.: 9851175030, 9867005767, 9857840330
Email: supadeurali27@gmail.com, Web.: www.supadeuralimanpower.com


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Road
Federal Road Supervision & Monitoring Office

## Road Division Butwal

## Notice of Intention to Award Contract

**Date of publication: 2022/11/25**

This notice has been published to inform all concerned, including the bidders, about the Intention to Award Contract regarding the following contracts published on www.bolpatra.gov.np/egp dated on 2022/10/17 respectively in accordance with Public Procurement Act, 2063 Clause 27(2) and Clause 47.

| S.N | Contract no. | Description of Works | Name and Address of the Successful bidder | Accepted Bid Amount Including VAT (NRs.) |
|---|---|---|---|---|
| 1. | DROBTL/33701169/079/80-014 | Road Improvement Works (Pavement & drain works) along East-West Highway Sarawal-1 Basabasahi to Sunawal-11 Mishrauli Purano Bato-Baluwa-Kerwani-Kanchitol-Baba Bardagoriya- Hira Gunj to Sunawal-13 Badera Chowk Road | Buddhabhumi Construction, Sunawal-12 Harkatta Nawalparasi West | 34,68,054.75 |
| 2. | DROBTL/33701169/079/80-015 | Road Improvement works (Drain construction works) along Guthi-Suryapura-Maheshpur Sadak, Nawalparasi | Laxmi Construction, Ramgaram-5, Nawalparasi | 51,64,904.56 |
| 3. | DROBTL/33701169/079/80-016 | Road Improvement Works (Drain construction works) along Manjahariya to Sanahi Ratangunj Road 15km Blacktop | Jayeshwal Construction, Ramgram-12 | 35,24,153.60 |
| 4. | DROBTL/33701169/079/80-017 | Road Improvement Works (Pavement & drain construction works) along Paschim Nawalparasi Bardaghat Napa-Baralchok to North Shivalaya Chowk Road | Shiv Shakti Real State and Saurab Construction Pvt. Ltd., Bardaghat-4, Nawalparasi | 35,66,086.77 |
| 5. | DROBTL/33701169/079/80-018 | Road Improvement Works (Pavement & drain construction works) along Semari Adarsha Mabi School Pachadi Ward No 2, Ward No 1 Semari Ghodaha Khairethawa-Pratappur 1 & 2 | Shiv Shakti Real State and Saurab Construction Pvt. Ltd., Bardaghat-4, Nawalparasi | 73,49,680.46 |
| 6. | DROBTL/33701169/079/80-019 | Road Improvement Works along Dui Muhan to Beth Kuiya-Tarahini-Kataura to Semara Road Black Top (Kotaimahi Gapa, Marchawari Gapa, Samarimai Gapa) | Safik nirman sewa., Siddharthnagar-11, Rupadandehi | 40,80,882.00 |
| 7. | DROBTL/33701169/079/80-020 | Road Improvement Works along Marchawar Tunihawa to Bogadi- Bagauli to Ampas 2 lane Road Construction | Safik nirman sewa., Siddharthnagar-11, Rupadandehi | 42,43,195.20 |
| 8. | DROBTL/33701169/079/80-021 | Road Improvement Works along Rupandehi-Gabrauli South to Bhaisaiya Chowk Masina, Moglahawa to Bharat Sima Kakrahawa Road Black Top | Virat Construction, Bhaisahiya, Rupandehi | 33,76,575.60 |
| 9. | DROBTL/337011324/079/80-022 | Bridge & Culvert Protection Works along East - West Highway (Butwal - Kothi Section) & Bhumahi- Parasi - Bhairahawa Road in Rupandehi, Nawalparasi District. | Khem Construction Private Limited, Sainamaina-10, Rupandehi | 46,02,749.90 |

**Division Chief**


**ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!**

**शून्य लागत अन्तर्गत मलेशियामा रोजगारीको अवसर !!**

Free Visa, Free Ticket, Free Service Charge,Free Medical, and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाच, र निःशुल्क यातायात, आवास र खाना (छनौट पस्चात)

रोजगारदाता कम्पनी : लिनाको म्यानुफ्याक्चरिङ (एम) एस.एन.डि. बि.एच.डि.
(Employer Company) : LINACO MANUFACTURING (M) SDN. BHD.

| पूर्व स्वीकृत मितिः | २०७९/०८/०७ | चलानी नं.: | ६०१९१९०५ | एल टि नं.: | २७६१८१ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2022/11/23 | Invoice No.: | 60191905 | L.T. No.: | 276181 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's | | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary | | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष Male | महिला Female | | रिङ्गिट MYR | ने.रु. NPR | | | | | | | |
| 1 | Factory Worker औद्योगिक कामदार | १५० 150 | 0 0 | स. काममा दक्ष Experience in related work. | १५०० 1500 | ४२,८४० 42,840 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | मलेसिया सरकारको नियम अनुसार As per the Malaysia Govt. rule | छैन NO | छ YES | दुई वर्ष 2 Years |

Supa Deurali Human Resource Pvt. Ltd. is committed to abide laws and principle guidelines of 'ZERO COST' and 'ETHICAL RECRUITMENT' providing equal opportunities treating fairly with the dignity in transparent way.
सुपादेउराली ह्युमन रिसोर्स प्रा.लि.ले "शुन्य लागत" र "नैतीक भर्ती" को कानूनी सिद्धान्त पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागी प्रतिबद्धता व्यक्त गर्दछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

**नोट (NOTE):**

१. आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन । (Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.)
२. आवेदन दिन इच्छुक जो कोहीले रोजगारको आवेदन फारम भर्नु अघि हाम्रो पूर्वभर्ती अभिमुखीकरण प्रशिक्षण सत्रमा उपस्थित हुनुपर्नेछ ।( Anyone willing to apply for the job must attend our pre-recruitment orientation training session prior to filling the job application form.)

सुपादेउराली ह्युमन रिसोर्स प्रा.लि.को कुनै शाखा तथा मध्यस्तकर्ता छैन ।
Supa Deurali Human Resource Pvt. Ltd. does not have any branch or mediator/sub agent representative.

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ११ गते होटेल अनुप्रस्था, बाँसबारी हाईट भेटघाट चोक काठमाडौंमा हुनेछ ।
Interview will be conducted on 25 January 2023 in Hotel Amuprastha, Basbari Height, Bhetghat Chowk, Kathmandu.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

SDHR
Gov. Lic No. 1473/074/075

**Supa Deurali Human Resource Pvt. Ltd.**

Samakhusi -26, Maipi, Kathmandu | Tel: +977- 1- 4387429
Mob.: 9851175030,9813737448
Email: supadeurali27@gmail.com, Web.: www.supadeuralimanpower.com


Provincial Government
SudurPaschim Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

## Infrastructure Development Office

Sanfebagar, Achham

## Letter of Intent

**Date: 2079/08/09**

This is to notify all the concerned bidders in accordance with clause 27 & 47 of PPA, 2063 and the instruction to bidders that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| Contract Identification No: | Name Of Project | Lowest evaluated substantially responsive Bidder | Bid Price (including PS & VAT) |
|---|---|---|---|
| IDO/ACHHAM/NCB/W/Bri/01/2079-080 | Construction of Barkhali Khola Motorable Bridge, Dhakari-08, Achham. | Nandegada-S.M.P. Joint Venture **Dhangadhi, Kailali** | 3,86,59,716.89 |

**Senior Divisional Engineer**
**IDO Achham**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय

## कालिगण्डकी कोरिडोर (गैडाकोट-राम्दी-मालढुङ्गा सडक योजना), बर्तुंङ, पाल्पा

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति – २०७९।०८।०९

यस कार्यालयद्वारा मिति २०७९।०५।१४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०१-०७९/८० अनुसार बोलपत्र आह्वान गरिएको सूचनामा उल्लेखित ठेक्काको अन्तिम म्यादभित्र पर्न आएका बोलपत्रहरुको प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) अनुसार बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | सफल बोलपत्रदाताको नाम र ठेगाना | जम्मा कबोल अंक रु. (VAT र PS समेत) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | KCRP/33701118-4/079/80-01 | Road Upgrading Works in Kaligandaki Corridor,Balewa-Maldhunga Section (Ch: 229+480 Km to 239+727Km) | M/s Khadka Krishna-B.N. J/V., Kathmandu | 54,34,29,871.89 | |

**योजना प्रमुख**

# एक लाख १५ हजार म्यादी प्रहरीको बिदाइ



**काठमाडौं/मस–** प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको सुरक्षाका लागि भर्ना गरिएका म्यादी प्रहरी बिदा भएका छन्। देशभरका विभिन्न प्रहरी कार्यालयबाट भर्ना भएका एक लाख १५ हजार म्यादी प्रहरी बिहीबारदेखि बिदा भएका नेपाल प्रहरीका सहप्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले जानकारी दिए।

उनले भने, 'जहाँजहाँबाट म्यादीमा भर्ना हुनुभएको थियो, उहाँहरूलाई आज सोही कार्यालयबाट बिदाइ गरियो।'

छोटो समयको तालिमका बाबजुद तोकिएको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरी निर्वाचनलाई सफल बनाउन सहयोग गरेकामा धन्यवादसहित म्यादीलाई बिदाइ गरिएको उनले बताए।

जिल्ला प्रहरी कार्यालय र मातहतको कार्यालयबाट प्रमाणपत्रसहित म्यादी प्रहरी घर फर्किएका छन्। निर्वाचन सुरक्षाका लागि सरकारले गत असोजमा ४० दिनका लागि म्यादी प्रहरी भर्ना गरेको थियो। सेवाको अवधिमा म्यादी प्रहरीले पाउने सेवासुविधा तथा पारिश्रमिक उनीहरूको बैंक खातामा जम्मा गरिदिने प्रहरीले जनाएको छ।

### एनडिएचएस प्रतिवेदन

# नेपालमा ११ प्रतिशतले पुड्कोपनको समस्या घट्यो

**काठमाडौं/मस–** नेपालमा पाँच वर्ष मुनिका बालबालिकाको पुड्कोपनको अवस्थामा सुधार आएको पाइएको छ।

पाँच वर्षअघि ३६ प्रतिशत बालबालिकामा उमेर अनुसार पुड्कोपनको समस्या भएको हाल आएर २५ प्रतिशतमा झरेको पाइएको हो।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण २०२२ (एनडिएचएस) को प्रतिवेदन अनुसार नेपालमा अब पाँच वर्ष मुनिका २५ प्रतिशत बालबालिकामा मात्र पुड्कोपनको समस्या रहेको छ। पाँच वर्षअघि सन् २०१६ मा ३६ प्रतिशतमा पुड्कोपनको समस्या थियो।

नेपालमा हरेक पाँच वर्षमा एनडिएचएस सर्भेक्षण हुँदै आएको छ। यो सर्भेक्षण न्यु एरा नामक संस्थाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका लागी गर्दै आइरहेको छ।

सर्भेक्षण अनुसार पुड्कोपनको समस्या सबैभन्दा धेरै कर्णाली प्रदेशमा छ। कर्णालीमा अझै ३६ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या रहेको छ। पाँच वर्षअघि कर्णालीका ५४ दशमलव ५ प्रतिशतमा पुड्कोपनको समस्या थियो।

मधेश प्रदेशमा २९, सुदूरपश्चिम प्रदेशमा २८, लुम्बिनी प्रदेशमा २५, प्रदेश १ र गण्डाकीमा २० र बागमती प्रदेशमा १८ प्रतिशत रहेको छ। पाँच वर्ष अघि मधेश प्रदेशमा ३७, सुदूरपश्चिम प्रदेशमा ३५ दशमलव ९, लुम्बिनी प्रदेशमा ३८ दशमलव ५, प्रदेश १ मा ३२ दशमलव ६, गण्डकीमा २८ दशमलव ९ र बागमती प्रदेशमा २९ दशमलव ४ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या थियो।

# लोकप्रिय मतसहित रवि लामिछाने विजयी

**डिलकुमारि नेपाल/मध्यान्ह**
भरतपुर, ८ मंसिर

चितवन क्षेत्र नं २ मा लोकप्रिय मतका साथ राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने निर्वाचित भएका छन्। लामिछानेले ३४ हजार एक सय ६२ मतान्तरले निर्वाचित भएको निर्वाचन आयोगले बताएको छ।

उनले ४९ हजार दुई सय ६४ मत प्राप्त गरेका छन् भने उनका निकटतम प्रतिस्पर्धी लोकतान्त्रिक वाम गठबन्धनका तर्फबाट उमेश श्रेष्ठले १४ हजार नौ सय ८३ मत प्राप्त गरेका छन्।

उक्त क्षेत्रमा नेकपा (एमाले) का कृष्णभक्त पोखरेलले १४ हजार छ सय ४७ मत प्राप्त गरेका छन्। यस क्षेत्रमा ६७.३ प्रतिशत अर्थात् ८३ हजार नौ सय ५६ मत खसेको थियो।

**'म आजबाट जाँच दिन जाँदैछु'**

निर्वाचित लामिछानेले चुनाव जित्नु भनेको विजयी हुनु नभएको बताएका छन्। चितवन-२ बाट फराकिलो अन्तरले चुनाव जितेपछि लामिछानेले आम मतदाताहरुलाई धन्यवाद ज्ञापन गर्दै यस्तो प्रतिक्रिया दिएका हुन्। उनले सामाजिक सञ्जालमा आजबाट आफू जाँच दिन गैरहेको पनि उल्लेख गरेका छन्।

**मोटरसाइकल हराएको सूचना**

मिति २०७९/०७/२९ गते राति ११:०० बजे देखि ०४:०० बजे बिचको समयमा का.जि. का.म.न.पा.-०९, चाबहिल, गंगाहिटी स्थित आफ्नै घर अगाडि पार्किङ गरि राखेको अवस्थामा बागमती प्रदेश ०२-०३७ प ७३८९ नम्बरको रातो काले रङको होण्डा कम्पनीको डिओ स्कुटर र स्कुटरको डिक्की भित्र रहेको नगद रु. ९,०००(नौं हजार) हराएको हुँदा पाउनुहुने वा देख्नु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सर्म्पक गरिदिनु हुन विनम्र अनुरोध गर्दछु।

**सवारी धनी:** नबिना बन्जारा
**ठेगाना:** चौरी देउराली, वडा नं. ९, काभ्रे
**च्यासिस नं:** ME45F39HEND018335
**इन्जिन नं:** JF39ED0035363
**सम्पर्क:** 9851143246

## Madhyabindu Municipality
## Office of Municipal Executive
**Madhyabindu-7, Chormara, Nawalparasi (East of Bardghat Susta)**
**Gandaki Province, Nepal**

## Invitation for Bid

**First Date of publication: 2022-10-23 (2079-07-06)**
**Second Date of publication: 2022-11-25 (2079-08-09)**

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of **Civil works** and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites **Electronic Bids** from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT & PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents / bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 09/MBMW/ Works/2079/ 80 | Construction Of Asphalt Concrete at Madhyabindu -10,Charikun | NCB-WORKS | 4505637.90 | 3000/- | 100000 | 90 days/ 120 days after bid opening | 2022-12-11 (2079-08-25) 12.00 | 2022-12-11 (2079-08-25) 14.00 |

**Chief Administrative Officer**

## Invitation for Bids

## Junichaande Rural Municipality
## Office of the Rural Municipal Executive
**Majkot, Jajarkot**
**Karnali Province, Nepal**

**Invitation of Bids for- Mainpakha Punka Juni Sadak Construction**
**Contract Identification No: JCRM/NCB/WORK/03/079/080**
**Date of publication: 2079/08/09**

1. Junichaande Rural Municipality invites sealed bids and electronic bids from Nepalese eligible bidders for the construction of Mainpakha Punka Juni Sadak Construction ward no 8 under National Competitive Bidding procedures. The estimated amount for the works is NRS 10000313.30 inclusive VAT.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Junichaande Rural Municipality Majkot, Jajarkot, Karnali Province, Nepal mobile No: 9849322990 E-mail: junichanderuralmun@gmail.com, URL: www.junichaandemun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder have to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the non-refundable fee of NRs. 3000.00 till 26 Dec 2022 during 12:00 pm in the following account:

   **Name of the Bank: Agriculture Development Bank Limited** **Name of Office:Junichaande ga.pa.**
   **Office Code no: 801066605** **Office Account no.: 0726305131219010**
   **Rajaswa (revenue) Shirshak no." GA" 1.1**
4. Sealed bids must be submitted through www.bopatra.gov.np/egp] on or before 12:00PM on 26 Dec 2022. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM 26 Dec 2022 at the office of Junichaande Rural Municipality Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRS 2,62,000, which shall be valid for 30 days beyond the validity period of the bid.

   **Name of the Bank: Agricultural Development Bank Limited, Jajarkot Branch**
   **Name of Office:Junichaande ga.pa.**
   **Office Account no.: 0726305131219118**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Office**

## मलेसियामा रोजगार

१. कम्पनी: SHIN-ETSU ELECTRONICS (MALAYSIA) SDN.BHD
शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०६/०५ चलानी नं.: ६०१८८१०७ LT. No.: 272372 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 55 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YH PRECISION (M) SDN.BHD. शहर: SELENGOR
पूर्व स्वीकृत मिति: २०७९/०३/१८ चलानी नं.: ६०१८२३१३ LT. No.: 266358 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TOPLINE SAFETY GLASS (M) SDN BHD. शहर: JALAN
पूर्व स्वीकृत मिति: २०७९/०३/२० चलानी नं.: ६०१८२४७१ LT. No.: 266537 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 62 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी:YUNG HENG SDN BHD शहर: PINANG
पूर्व स्वीकृत मिति: २०७९/०५/१२ चलानी नं.: ६०१८६२६३ LT. No.: 270236 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm Worker | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: SYNERGY FORMS & MEDIA SDN.BHD. शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०७९/०४/१५ चलानी नं.: ६०१८४१५७ LT. No .: 268195 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १६ गते (2 December 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ५४०/०६१/०६२

**वि. एस. ओभरसिज प्रा. लि.**
पो.ब.नं.: १५१४२, सामाखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.:४९६३३५८,४९६४४१०, ४९८७४०२
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website www.bsoverseasnepal.com.np
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En

स्थापनाकालको सबैभन्दा छोटो समयमा नै ISO 9001:2015 प्राप्त गर्न सफल कम्पनी

## कतारमा रोजगारको अवसर

कम्पनी: SMEET PRECAST WLL
शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७९/०८/०८ चलानी नं.: ६०१९२००४ L.T. No.: 276453

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 84 | 0 | स. काममा दक्ष | 1000 | ३५,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १६ गते (2 December 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic No. 141/055/056
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

## सम्पादकीय

# मतदाता स्थायी हुँदैनन्

४ मङ्सिरमा सम्पन्न प्रदेश प्रतिनिधिसभामा स्थापित राजनीतिक दलका उम्मेदवारलाई स्वतन्त्र र नयाँ राजनीतिक दल मुख्य प्रतिस्पर्धीका रूपमा देखा परे । दलहरूको गढ भनिएका क्षेत्रमा नयाँ दल र स्वतन्त्र उम्मेदवार विजयी भए । चाहे त्यो चितवनमा सत्ता गठबन्धनका उम्मेदवार उमेश श्रेष्ठ र एमालेका उम्मेदवारलाई कृष्णभक्त पोखरेललाई भारती मतान्तरले हराउँदै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने विजयी भएको सन्दर्भ होस चाहे त्यो राष्ट्रिय जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन□ यादवलाई दोब्बर बढी मतले हराउँदै जनमत पार्टीका अध्यक्ष सिके राउत विजयी भएको सन्दर्भ होस् । चाहे काठमाडौंमा स्थापित दलहरूलाई छाडेर राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारहरू ४ क्षेत्रमा विजयी भएको विषय होस् । समानुपातिकतर्फ पनि नयाँ दल रास्वपाले तेस्रो स्थान लिइरहेको छ । बिहीबार साँझसम्म एक सय सिटको नतिजा आउँदा देशभरबाट ५ जना स्वतन्त्र उम्मेदवारहरू विजयी भइसकेका छन् । अर्थात, यसपटकको चुनावले दलहरूलाई गतिलो सन्देश दिएको छ- मतदाता स्थायी हुँदैनन् । यही सन्देश नयाँ दलले पनि मनन गर्न आवश्यक हुन्छ ।

यसपटक संघीय संसदमा १२ वटा दलको प्रतिनिधित्व हुने देखिन्छ । समानुपातिक प्रणालीतर्फ कूल खसेको मतको सदर मतमा तीन प्रतिशत नपुर्याउने दल राष्ट्रिय दल हुन सक्दैन । यसकारण राष्ट्रिय दलकै हैसियतमा पाँच वा ६ वटा दलको प्रतिनिधित्व हुने स्थिति देखिन्छ । धेरै दलको प्रतिनिधित्व हुँदा संसद अराजकतामा पर्न सक्ने कतिपयको आँकलन छ । साथसाथै सरकार बनाउने र गिराउने खेलमा सांसदहरू प्रयोग हुन सक्ने आशंका पनि छ । यो खेलमा रूमल्लिएर जनताको इच्छा र आका□षालाई कम ख्याल गर्दा पनि जनताले सबक सिकाउँछन् भन्ने यो चुनावको अर्को गतिलो सन्देश हो ।

